# सुन्दरहरैँचा नगरपालिका

## नगर कार्यपालिको कार्यालय

### विराटचौक, मोरङ

## सेवा करारमा जनशक्ति भर्ना सम्बन्धी सूचनाः

**प्रकाशित मितिः २०७८-०२-२७**

विश्वव्यापी महामरीको रूपमा फैलिएको कोभिड-१९ बाट संक्रमित भएका बिरामीहरूको उपचारका लागी सुन्दरहरैँचा नगरपालिकाले सञ्चालन गरेको कोभिड विशेष अस्पताल, हरैँचामा कोरोना अवधिभर देहाय बमोजिमका पद र तहका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको आवश्यकता परेको हुँदा पहिलो आवेदक पहिलो प्राथमिकताका आधारमा करार नियुक्ति गरिने भएको हुँदा इच्छुक आवेदकहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं | पद | तह/श्रेणी | माग पद संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | जनरल फिजिसियन | नवौं तह | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल फिजिसियन/इन्टरनल मेडिसिनमा एम्.डी उपाधी प्राप्त गरेको |
| २ | मेडिकल अफिसर | आठौ तह | २ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम्.बि.बि.एस् उपाधी प्राप्त गरेको |

### सेवा तथा सुविधाः

नेपाल सरकारले सम्बन्धित पदको लागी तोकेको समान तहको न्यूनतम तलब स्केलका अतिरिक्त ५०% जोखिम भत्ता साथै अन्य सेवा तथा सुविधा आपसी सहमतिमा तय गरिनेछ।

### दरखास्त दिने प्रकियाः

मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्र , शैक्षिक योग्यताको प्रमाणपत्रहरू (प्रवेशीका देखि), लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र एवम् विदेशमा अध्ययन गरेको हकमा समकक्षताको प्रमाणपत्र संलग्न गरी आफ्नो सम्पर्क नम्बर समेत उल्लेख गरी सम्बन्धित पदका लागी **sundarharaichaversp@gmail.com** मा निवेदन पठाउनुपर्नेछ।

### निवेदन दिने अन्तिम मितिः

सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिन भित्र।

### द्रष्टब्यः

१. नेपाल स्वास्थ्य ऐन २०५३, को दफा १२ को उपदफा (ङ) (च) र (छ) बमोजिम अयोग्य नभएको हुनुपर्ने।

२. नियुक्तिको लागी नगरपालिकामा सम्पर्क गर्दा शैक्षिक योग्यताको सक्कल प्रमाणपत्रहरू (प्रवेशीका देखि), लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र, मेडिकल काउन्सिलबाट प्राप्त प्रमाणपत्र एवम् विदेशमा अध्ययन गरेको हकमा समकक्षताको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ।